हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १६१ पृष्ठ : ४ २०७७ पुस २८ गते मंगलबार (Tuesday 12 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

*बढ्यो चिसो*

## शीतलहरले जनजीवन कष्टकर

**लहान** । अचानक बढेको शीतलहरले सिरहा लगायत मध्य तराईको जनजीवन कष्टकर बनाएको छ । बिहानैदेखि चल्ने चिसो हावा र बाक्लो हुस्सुले दैनिक ज्यालादारी गर्नेदेखि बालबालिका र ज्येष्ठ नागरिकलाई समस्या भएको छ ।

शीतलहरले प्रभावित भएकाहरूका लागि हालसम्म स्थानीय तह वा विपद् व्यवस्थापन समितिले कुनै विशेष प्रबन्ध गरेको छैन । विद्यालयहरूमा समेत बालबालिका चिसोमा कठ्यांग्रिन बाध्य भएका छन् ।





यधपी जिल्ला प्रशासन कार्यालय सिरहाले विपद् व्यवस्थापन समितिले स्थानीय निकायहरूसँग समेत समन्वय भएर सबै स्थानीय तहलाई न्यानोको व्यवस्था गर्न आग्रह गरिसकेको छ । कम्बल तथा न्यानो कपडाहरु व्यवस्थापनदेखि आगो बाल्ने प्रबन्ध मिलाउन समेत स्थानीय तहलाई प्रशासनले आग्रह गरिसकेको छ ।

सिरहाका अधिकांश ग्रामीण तथा दलित बस्तीमा चिसोको प्रभाव बढी देखिएको छ । अझ

*बाँकी ३ पेजमा*

## ९ वर्षपछि हत्या आरोपित पक्राउ

**लहान** । झापाबाट हत्या आरोपमा फरार रहेका एक जना सिरहाको धनगढीमाई नगरपालिका स्थित शिशु ज्योति स्कुलबाट पक्राउ परेका छन् । पक्राउ पर्नेमा धैराली सर भनेर चिनिने देवी चरण धौराली रहेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी शरत थापा क्षेत्रीले जानकारी गराए ।

उनका अनुसार बलराम पौडेलको जाहेरीले झापा जिल्ला अदालतले ०६९ जेष्ठ २ गते फैसला पक्राउ परेका आरोपितमाथि कर्तव्य ज्यान मुद्दाको फैसला गरेका थिए । फैसलापछि उनी फरार भएका थिए । पक्राउ परेका उनी शिशु ज्योती स्कुलमा होस्टलमा बसी शिक्षण पेशामा आवद्ध थिए ।

## जाडो छल्दै व्यापार

**लहान** । उनी जुम्ली भाषा बोल्छन् । मैथिली भाषा बोल्न जान्दैनन् । केही मात्र संकेतका रूपमा बुझ्छन् । तर पनि जाडो छल्न मधेस झरेका जुम्ला कनकासुन्दरी ८ का २८ वर्षीय बीर वहादुर बुढा मधेसका हाट बजार, गाउँबस्ती छिरेर सामान बिक्री गरी दैनिक ७ सय रूपैयाँ आर्जन गरिरहेका छन् ।



जाडोयाममा जुम्ला क्षेत्रमा हिमपात भएपछि उनी मधेसमा जाडो छल्न झरेका हुन । जाडो छल्न मधेस झरेका उनले माला, हिंग, औठी, शिलाजीत, केशर, तितौं लगायतका सामग्री झोलामा बोकी बजार चाहारेर बिक्री गर्छन । यही सामग्री बिक्रीबाट बीर बहादुरले पत्नी कल्पनासहित तीन छोरी र एक छोराको लालनपालनका लागि छ महिना पुग्ने रकम जोहो गर्छन् ।

१० हलगोरूले जोत्ने मात्र जग्गा भएकाले त्यसबाट

*बाँकी ३ पेजमा*

सूचना ! सूचना !! सूचना !!!

नेपाल रेडक्रस सोसाइटी लहान उपशाखा लहान, सिरहाले उपशाखा सभाको बार्षिक साधारण सभाको लागी आबद्ध यशस्कर, बिशिष्ट तथा आजिवन सदस्यहरुलाई अनुरोध छ कि निम्न मिति, समय र स्थानमा सहभागी भई कार्यक्रम सफल पार्न हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

तपसिल
मिति : २०७७ पौष २९ गते वुधबार
समय : दिउँसो १२:३० बजे देखि
स्थान : उपशाखाको सभाहल (लहान अस्पताल कम्पाउण्ड भित्र)

*आयोजक*
ने.रे.सो. लहान
उपशाखा लहान, सिरहा

बगैंचा सहितको जग्गा बिक्रीमा

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, ७ फिट भन्दा अग्लो टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।

सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७







फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## सम्पादकीय

# विकासमा नगरको दुर्गम क्षेत्रलाई प्राथमिकतामा राखौं

तराईको सुगम जिल्ला भएपनि सिरहाको उत्तरवर्ती चुरेक्षेत्रका वडाहरु अझै पनि विकासमा पछि परेका छन् । गाविसबाट नगरपालिकामा परिणत भइसक्दा समेत ती क्षेत्रका बासिन्दाले विकासमा पछाडि रहँदा नगरबासीको अनुभूति गर्न पाएका छैनन् । लहान नगरपाकिलाको १५, १६ नम्बर वडाका दुई दर्जन बस्ती र धनगढीमाई नगरपालिकाको १४ नम्बर वडाका तीन दर्जन बस्ती अझै विकासका दृष्टिकोणले ओझेलमैं परेका छन् ।

बाटोघाटोका लागि ट्र्याकसम्म खोलिएपनि वर्षायाममा ती क्षेत्रमा आवतजावत बन्द रहन्छ । जसले गर्दा लहान र धनगढीबजारसँग वर्षायामभरी ती क्षेत्रसँग सम्पर्क बिच्छेद हुनेगर्छ । शिक्षा, स्वास्थ्य, खानेपानी, विजुली लगायत न्यूनतम पूर्वाधारसमेत ती क्षेत्रमा पूरा हुन सकेका छैनन् । गाविसबाट नगरपालिकामा परिणत भएपछि वडा र नगरस्तरीय बजेटबाट धनगढीमाई नगरपालिका १४ स्थित आधा दर्जन बस्तीमा बल्ल बिजुली पुगेको छ । नगरपालिकाले वडा र नगरस्तरीय बजेटबाट बिजुली पुऱ्याएपछि उत्तरवर्ती चुरेक्षेत्रका बिहीबारे, कसाईटार, अमिलटार, अम्बास, सानो कसाइटार, करमचौरीका १ सय ३ घरधुरी लाभान्वित भएका छन् । त्यसैगरी लहान नगरपालिकाको वडा नम्बर १६ को आरिदमार, आहाले, बरदमार लगायत आधा दर्जन बस्तीमा बिजुली पुगेपनि अझै डेढ दर्जनभन्दा बढी बस्ती 'टुकी' र 'सोलार' को भरमा रात काट्न बाध्य छन् ।

धनगढीमाई नगरपालिकाको उत्तरवर्ती विकट चुरे क्षेत्रको वडा नम्बर १४ का ६ गाउँमा बिजुली पुगेपनि त्यही वडाका १० गाउँ अझै रातमा उज्यालोका लागि 'टुकी' कै भरमा छन् । स्थानीयका अनुसार गाउका केही घरमा मात्र सोलार बती राखिएको छ । वस्तीका अधिकांश टुकीको भरमा रात काट्छन् । चट्टान, मैनामैनी, चकमके, हात्तीढुंगा, राई खोला, बीचलापानी, खट्टी, मड्यान, महाजनी, अम्बले लगायत १० गाउका स्थानीय अझै टुकी कैं भरमा रात काट्न बाध्य छन् । त्यसैगरी लहान नगरपालिकाको १६ नम्बर वडाका भसुवा, भमरे लगायत डेढ दर्जन बस्ती र वडा नम्बर १५ का बेतहा लगायतका बस्ती अध्यारो मैं छन् । धेरैजसो खोलानाला पर्ने ती गाउँको जनजीवन अझैपनि कष्टकर छ ।

तसर्थ नगरपालिकाले बजेट विनियोजन गर्दा ती विकट क्षेत्रको विकासका लागि प्राथमिकतामा राख्न जरुरी छ । विकासका न्यूनतम पूर्वाधारहरु बाटोघाटो, बिजुली, खानेपानी, शिक्षा लगायतका क्षेत्रलाई जोड दिन जरुरी छ । ती पूर्वाधारमा त्यस क्षेत्रका जनताको पहुँच नपुगेसम्म नगरको सर्वाङगिण विकास भएको मानिन्दैन । ती पूर्वाधार अभावमा उनीहरुले जीवन कष्टकर बन्नु हुँदैन । तसर्थ, वडा र नगरपाकिाले ती क्षेत्रको विकासलाई मुख्य प्राथमिकतामा राख्नु आवश्यक छ ।

# सूचना किन दिनै पर्छ ?

कृष्णहरि बास्कोटा

नेपालको संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको जुनसुकै विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था छ । यो नागरिकको मौलिक हक हो । कसैले नागरिकको मौलिक हकको हनन गरेमा संवैधानिक उपचारको हकअन्तर्गत नागरिक सर्वोच्च अदालत वा उच्च अदालतमा रिटको क्षेत्रमा प्रवेश गर्न सक्छन् । सो बखत अदालतले जारी गरेको आदेशको अपहेलना गरेमा कुनै पनि पदाधिकारीलाई दस हजार रूपियाँ जरिवाना र दुई वर्षसम्म कैद हुन सक्छ । अर्थात्, सार्वजनिक निकायसँग माग गरिएको सूचना दिन सार्वजनिक पदाधिकारीहरू संविधानतः बाध्य छन् ।

संयुक्त राष्ट्रसंघले सन् १९४८ मा विश्वव्यापी मानव अधिकार घोषणापत्र जारी गरेको छ । विश्वका प्रायः सबै मुलुकले यसप्रति आआफ्नो ऐक्यबद्धता जनाएका छन् । नेपाल पनि यस विश्वव्यापी घोषणापत्रमा हस्ताक्षर गर्ने मुलुकमा पर्छ । यस घोषणापत्रको धारा १९ मा विश्वका सबै मानिसलाई सार्वजनिक निकायसँग सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको प्रबन्ध गरिएको छ । नेपालले यस घोषणपत्रमा हस्ताक्षर गरी संसद्बाट अनुमोदन गरेकाले यसलाई नेपालको कानुन सरह मानिन्छ । यसरी अन्तर्राष्ट्रिय प्रतिबद्धताका आधारमा पनि नागरिकले माग गरेको सूचना दिन नेपालका सार्वजनिक निकायका पदाधिकारी बाध्य छन् ।

राज्यको उत्पत्तिका सम्बन्धमा विभिन्न मान्यता छन् । तीमध्ये हब्स, लक, रूसो जस्ता विद्वान्हरूले स्थापित गरेको सामाजिक अनुबन्धको सिद्धान्तलाई अधिकांशले स्वीकार गरेका छन् । यस सिद्धान्तअनुसार नागरिक र शासकबीचको सम्झौताबाट राज्यको उत्पत्ति भएको हो । यसअनुसार नागरिकले कर तिर्ने र शासकले नागरिकलाई सहजीकरण गर्ने हो । यही मान्यताअनुसार मुलुकको सार्वभौमसत्ता नागरिकमा रहन्छ । यसर्थ, जनतालाई मुलुकका मालिक मानिन्छ । यस अर्थमा शासकहरू यथार्थमा जनताका सेवक हुन् । यसअनुसार मालिकको स्वामित्वको सूचना सेवकले नासोका रूपमा राखेकाले नागरिकले माग गरेका बखत सूचना पाउने गर्छन् । यो लोकतन्त्रको सर्वाधिक ठूलो विशेषता हो । यसैले लोकतन्त्रमा सूचनाको हकलाई यस्को प्राणवायुका रूपमा बुझिन्छ । यस कुरालाई कर्मचारीतन्त्रका जन्मदाता म्याक्स वेइभरले ब्युरोक्रेसी नामक पुस्तकको प्रिन्सिपल एजेन्ड थियोरीमा पनि पुष्टि गरेका छन् ।

लोकतन्त्रको उदय प्राचीन ग्रिक राज्यबाट भएको हो । त्यहाँ सबै नागरिक भेला भएर शासन संचालन गर्थे । यसैलाई मनन गरेर अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले लोकतन्त्रको परिभाषा गर्दै यसलाई जनताद्वारा जनताका लागि जनताको शासन भनेका हुन् । यसरी, लोकतन्त्रका शासक स्वयं जनता हुन् । सबै जनता एक ठाउमा भेला भएर भिडद्वारा शासन सञ्चालन गर्न असजिलो हुने भएकाले जनप्रतिनिधिमार्फत शासन सञ्चालन भएको हो । हाल विश्वमा लोकतान्त्रिक प्रणाली सहभागितामूलक लोकतन्त्रमा रूपान्तरित भएको छ । यसलाई खुला सरकार साझेदारी (ओजिपी) पनि भन्न सकिन्छ । यसरी जनताले आफैँले सञ्चालन गरेको शासनको कारण उत्पन्न गतिविधिहरूमा स्वतः पहुँच राख्ने विश्वव्यापी मान्यताअनुसार नागरिकले मागेको सूचना दिन सार्वजनिक निकाय बाध्य छन् ।

नागरिकको सूचनाको हकको मर्म बुझ्न एघारौं शताब्दीमा निर्मित म्याग्नाकार्टा र सत्रौं शताब्दीमा निर्मित 'बिल अफ राइट्स' हेर्नुपर्ने हुन्छ । यी दस्तावेजमा जनताको शक्ति उल्लेख गरिएको छ । यथार्थमा, जनता नै परिवर्तनका वाहक वा शक्ति भएको यी दस्तावेजमा स्वीकार गरिएको छ । आधुनिक लोकतन्त्रमा यसलाई जनताले मताधिकारको आधारमा उपयोग गर्ने गरिएको छ । यसअनुसार, काम गर्नेलाई पुरस्कृत गर्न निर्वाचन जिताउने र खराब काम गर्नेलाई निर्वाचनमा दण्डस्वरूप मत नदिएर हराउने भन्ने अर्थमा पनि बुझिन्छ । शासन सञ्चालनकै बखत जनताले सरकारलाई खबरदारी गर्न सार्वजनिक सुनुवाइ हुनेगर्छ । सामाजिक परीक्षणको माध्यमबाट जनताले आफ्नो मत राख्छन् । घुम्ती सेवामा पनि जनताले सेवा प्राप्तिका साथै सुझाव प्रवाह गर्ने गर्छन् । यस सन्दर्भमा संसद् र संसदीय समितिहरूले जनताको पक्षमा काम गराउनुका साथै सूचना प्रवाहमा जनतालाई सघाउने



विश्वव्यापी अभ्यास छ । यी लोकतान्त्रिक अभ्यासको अनुसरण गर्दै सार्वजनिक निकायले जनताले माग गरेको सूचना प्रवाह गर्नुपर्ने बाध्यात्मक अवस्था सृजना हुन्छ ।

विश्वको इतिहास हेर्दा बेलायतमा भएको गौरवमय क्रान्ति र फ्रान्समा लुई सोह्रौंको अवसानलाई जनताको असीमित शक्तिका रूपमा बुझिन्छ । सत्रौं शताब्दीमा अमेरिकाको भर्जिनिया कोर्टले जनताले कर तिर्न छाडेमा राज्य प्रणालीहरू स्वतः समाप्त हुने व्याख्या गरिएको थियो । यही घटना सन् १७६६ मा स्विडेनमा हुन पुग्यो । स्वीडेनले युद्धको खर्चसम्बन्धी सूचना सार्वजनिक गर्न मानेन । त्यस कारण जनता सडकमा उत्रिए । तत्पश्चात त्यहाँका ततकालीन राजाले बाध्य भएर सूचनाको हकसम्बन्धी कानुन जारी गर्नु पऱ्यो । यसरी सन् १७६६ मा स्विडेनमा जारी भएको कानुनलाई नै विश्वकै सूचनाको हकसम्बन्धी प्रथम कानुन मानिन्छ । यस घटनाले विश्वलाई जनताले अपेक्षा गरेको सूचना प्रवाहमा छेकबार लगाएर लामो समय शासन सञ्चालन हुन नसक्ने सन्देश दिएको छ । यसर्थ, समयमै बुद्धि पुऱ्याएर नागरिकबाट माग भएको सूचना दिनुमै सार्वजनिक निकायको हित लुकेको यथार्थ बुझ्न ढिला गर्नु हुँदैन ।

विद्वान् जेएस मीलका अनुसार हरेक व्यक्तिमा असीमित मानव अधिकार हुन्छ । अर्काको हकको हनन हुने कारणले मात्रै व्यक्तिको अधिकारको सीमा आरम्भ हुन्छ । अर्थात्, प्रत्येक व्यक्तिले त्यो हदसम्मको व्यक्तिगत अधिकार प्रयोग गर्न पाउँछ जस्ले अर्को व्यक्तिको वैयक्तिक हकमा कुनै दखल नपुगोस् । यही कारण नेपालको संविधानको धारा २७ मा सूचनाको हक र धारा २८ मा वैयक्तिक गोपनीयताको हकको प्रबन्ध गरिएको हो । यसबाट प्रष्ट हुन्छ कुनै पनि नागरिकले माग गर्ने निजसँग सरोकार राख्ने सूचना र सार्वजनिक चासोको सूचनामा नागरिकको हक स्थापित हुन पुग्छ । यही सूचनाको हकमार्फत विश्वकै सर्वोत्कृष्ट सुशासनयुक्त मुलुकको पहिचान निर्माण गर्ने ध्येयले सन् १९५१ मा फिनल्यान्डमा सूचनाको हकसम्बन्धी कानुन जारी गरिएको हो । यसलाईसूचनाको हकका क्षेत्रमा विश्वकै दोस्रो कानुन मानिन्छ । सन् १९६६ मा संयुक्त राज्य अमेरिकाले विश्वकै उत्कृष्ट लोकतान्त्रिक मुलुकको सूचीमा आफूलाई दर्ज गराउनसूचनाको हकसम्बन्धी विश्वमा तेस्रो कानुन जारी गरेको प्रसंगलाई यहाँ भुल्न सकिन्न ।

सन् २००२ देखि अन्ना हजारे र अरविन्द केजरीवाललगायतले आरम्भ गरेको आन्दोलनका कारण भारतमा सन् २००५ मा सूचनाको हकसम्बन्धी कानुन जारी भएको हो । श्रीलंकामा सन् २०१५ को निर्वाचनमा सिरीसेनाले राजापाक्षको विरोध गर्दै आफूले निर्वाचन जितेमा पहिलो १०० दिनभित्र विश्वमै उत्कृष्ट सूचनाको हकसम्बन्धी कानुन जारी गर्ने घोषणा गरेका थिए । उनले निर्वाचन जिते र सन् २०१६ मा श्रीलंकामा सूचनाको हकसम्बन्धी ऐन जारी भयो । त्यसमा सूचना नदिने पदाधिकारीलाई २ वर्षसम्म कारावासको सजाय हुन सक्ने प्रावधान छ । सो मुलुकमा सूचनाको हकसम्बन्धी ऐनसँग बाझिएका अन्य कानुनका प्रावधान बाझिएका हदसम्म स्वतः अमान्य ठहर्छन् । यसैगरी, सो मुलुकमा नागरिकलाई विद्युतीय माध्यमबाट पनि सूचना माग्ने र पाउने हक प्रदान गरिएको छ । यो एक प्रकारको विश्वव्यापी लहर नै हो । यसर्थ, नेपालका सार्वजनिक पदाधिकारीले पनि यस कुरालाई मनन गरी नागरिकले माग गरेको सूचना दिन म बाध्य छु भनी बुझ्दा सत्यको नजिक पुगिन्छ ।

नेपालमा पहिलो जनआन्दोलनको सफलतापछि नागरिकको सूचनाको हकले संविधानमा स्थान पाएको हो । विसं २०४७ सालको संविधानको धारा १६ मा सार्वजनिक

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । नयाँ योजना र आर्थिक कारोबारमा सफलता मिल्नेछ ।

**वृष** :- आर्थिक कारोवारमा मन्दी आउनेछ । प्रेमी र प्रेमिकाका बिच खिन्नता बढ्नसक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिथुन**:- मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । कार्यक्षेत्रमा प्रगति हुनेछ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । प्रेमीको सहयोग मिल्नेछ ।

**कर्कट** :- नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला । सरकारी निकायबाट सहयोग मिल्नेछ । सफल यात्रा पनि हुनेछ ।

**सिंह**:- कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मनोरञ्जन क्षेत्रमा गरेको लगानीबाट श्रीः प्राप्ति हुनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला ।

**कन्या** :- आज पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । प्रतिष्ठा कमाउने बेला छ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**तुला** :- कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मनोरञ्जन क्षेत्रमा गरेको लगानीबाट श्रीः प्राप्ति हुनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला ।

**वृश्चिक** :- आज पारिवारिक सद्भाव बढ्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । प्रतिष्ठा कमाउने बेला छ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**धनु** :- आज आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान र नयाँ कामको थालनी हुनेछ ।

**मकर**:- सौन्दर्यतामा धन खर्च हुनेछ । साना-तिना समस्यामा अल्झिनुपर्नेछ । परिवारीक समस्याले सताउनेछ । अनावश्यक धन खर्च हुनेछ ।

**कुम्भ**:- विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ । विद्या र बुद्धिके विकास हुनेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**मिन** :- आज मानसिक चिन्ता बढेपनि श्रमको उचित मुल्यांकन हुनेछ । आफन्तको प्रगतिले मन रमाउनेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ ।

# शीतलहरले...

जनता आवास कार्यक्रमका भवनहरूको निर्माण अधुरो रहेकाले त्यस्ता विपन्न बस्तीमा शीतलहरको झनै बढी प्रभाव देखिएको छ ।

**सुकुम्बासी परिवारको बिचल्ली**

चिसोमा घरविहीन भएका ७५ वर्षीय रामवृद्ध यादवले सरकारले घर भत्काइदिएपछि बस्ने ठाउँ अभावमा यही चिसोमा मर्छु कि भन्ने डर लागेको दुखेसो पोखे ।

सोमबारबाट एक्कासी शीतलहरसँगै तराई–मधेसमा चिसो सिरेठो चल्न थालेको छ । यस्तै बेला सिराहाको सिराहा नगरपालिका–२० लगडिगदियानी गाउँका ७५ वर्षीय वृद्ध रामवृक्ष यादव घरविहीन भएका छन् । उनी दुःखेसो गर्छन्, 'सरकारले घर भत्काइदियो, बस्ने ठाउँ नै छैन ।'

उनका छोरा रोजगारीका लागि भारत गएका छन् । बुहारी र चार वर्षीया नातिनीसँगै बस्दै आएका उनी पुसको पहिलो साता नगरपालिकाले घर भत्काएपछि बिचल्लीमा परेका छन् । 'यही चिसोमा मर्छु कि भन्ने डर लागेको छ,' रामवृक्षले भने । सोमबारबाट एक्कासी चिसो बढेपछि उनी निराश देखिन्थे ।

उनका छिमेकी ५० वर्षीया सतिराम मुखियाको पनि उस्तै पीडा छ । सिरहा नगरपालिकाले सडक विस्तारका लागि उनको पनि घर भत्काईदिएको थियो । छिमेकीको घरमा आश्रय लिइरहेका सतिरामले भने, 'चिसो बढ्दै गएको छ । यस्तो बेला ओत लाग्ने झुपडीसमेत भत्काइदिएपछि समस्यामा परेका छौं । बालबच्चालाई चिसोबाट जोगाउनै मुस्किल भएको छ ।'

स्थानीय सरकारले लगडिगदियानी गाउँका ३० परिवार सुकुम्बासीको घर भत्काएको छ । गोलबजारबाट सीमावर्ती लगडिगदियानीसम्म २७ किलोमिटर सडक विस्तारका लागि सुकुम्बासीका घर भत्काइएको हो । वैकल्पिक व्यवस्था नगरी शीतलहर चलिरहेका वेला घर भत्काएपछि सुकुम्बासी परिवार बिचल्लीमा परेका छन् । यस्तो चिसोमा वृद्धवृद्धा र बालबालिकालाई जोगाउनै मुस्किल भएको उनीहरूले दुःखेसो गरेका छन् ।

'मजदुरी गरेर पेट पाल्दै आएका थियौं,' रैवती मुखियाले भनिन्, 'कम्तीमा जाडोभर छोडिदिनुस्, त्यसपछि आफैं भत्काउँछौं भनेर बिन्तीभाउ गर्‍यौं, कसैले सुनेनन्। नगरपालिकाले डोजर ल्याएर जबर्जस्ती भत्कायो । हाम्रो त बिचल्ली भएको छ ।'

गोलबजारबाट सीमावर्ती लगडिगदियानीसम्म २७ किलोमिटर सडक विस्तारका लागि काठमाडौंको कन्ट्याक्ट कन्स्ट्रक्सनलाई ९१ करोड ३९ लाख ७९ हजार ६० मा ठेक्का दिइएको छ । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय, जनकपुरअन्तर्गत लगडिगदियानीबाट उत्तरतर्फ १२ किलोमिटर र गोलबजारबाट दक्षिण १५ किलोमिटर दुई प्याकेजमा कालोपत्रेसहित सडक निर्माणको २९ मंसिरमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङ र महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री लीलानाथ श्रेष्ठले शिलान्यास गरेका थिए ।

**चिसोमा कठ्यांग्रिँदै डोम परिवार**

पक्की घर बनाउने आशामा झुपडी भत्काएपछि सुखीपुर नगरपालिका- २ छजना गाउँको पोखरीको उत्तरी डिलमा बस्दै आएका १३ डोम परिवारलाई अहिले चिसोमा कठांग्रीन बाध्य छन् । जनता आवास कार्यक्रमको लापरबाहीले भएको झुप्रो पनि उजाडिए पछि उनीहरू बिचल्लीमा परेका हुन ।

पक्की घर पाउने आशामा उनीहरूले भएको टहरा पनि भत्काए । डिपिसीसम्म बनेपछि नगरपालिकाको सिफारिसमा निर्माण रोक्का भएपछि त्यही टहराले चिसो छल्नुपर्ने अवस्था आएको छ । 'शीतलहर सुरू हुनुअगावै झुप्रो भत्कायौं, अहिले पुसको चिसो सिरेटोमा ओत लाग्ने ठाउँसमेत नहुँदा कठ्यांग्रिएरै मर्छु कि जस्तो लाग्न थालेको छ,' बस्तीका ४९ वर्षीय बलेश्वर मल्लिकले भने, 'नगरपालिकाले न नयाँ घर बनाउन दियो, न अर्को विकल्प दियो ।'

छोराछोरी नहुँदै पत्नी गुमाएपछि ६६ वर्षीया वृद्धा आमा दहनी मल्लिकको हेरविचारसमेत गर्दै आएका बलेश्वर चिसोले आँखा सुन्निन थालेको गुनासो गर्दै भन्छन्, 'जसोतसो बनाएको बाँसका सामान चिसोका कारण बेच्न जान सक्दिनँ, आफू र आमाको पेट पाल्न पनि धौ-धौ छ ।' डोम बस्तीको पश्चिमपट्टि उठ्दा टाउकोसमेत ठोक्किने थोत्रा कपडा र बाँसको कप्टेरोले बारेको टहराबाहिर ढक्की बनाउन बाँसको चोया छिल्दै गरेका ४३ वर्षीय रामलोभित मल्लिकले भने, 'गाउँको सरकारले हाम्रो त बिचल्ली नै बनायो ।'

तीन छोराछोरी, पत्नी ललिता र आफूसहित पाँचजनाको परिवारको बस्ने घर उजाडिएपछि चिसोमा कष्ट झेलिरहेको मल्लिकको गुनासो छ । उनकै छिमेकी ४६ वर्षीय विनोद मल्लिक भन्छन्, '६ छोराछोरी, पत्नीसहित आठजनाले टाउको लुकाउने ठाउँ नपाउँदा अप्ठ्यारोमा परेका छौं ।'

डोम बस्तीका बलेश्वर, रामलोभित, विनोदजस्ता १३ घरधुरी डोम पोखरी सौन्दर्यकरणको नाममा बन्न थालेको घर निर्माण रोकिएपछि अप्ठ्यारोमा रहेको स्थानीय रामसरोवर यादव बताउँछन् । प्रदेश सरकारको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयअन्तर्गत सहरी विकास तथा भवन कार्यालय राजविराजले २३ कात्तिकमा नगरपालिकालाई निर्माण समितिअन्तर्गत रहेको १३ घरको निर्माण रोक्का गर्न पत्राचार गरेपछि डिपिसीसम्म निर्माण गर्दा उठाएको ऋणले डोमहरु अप्ठ्यारोमा परेको यादवले उल्लेख गरे ।

नगरपालिकाको २१ कात्तिकको पत्रानुसार सुखीपुर २ नं. वडास्थित छजनाको ठूलो पोखरीको उत्तरी डिलको जनता आवासको निर्माण कार्य रोक्का गरिदिन कार्यालयले पत्राचार गरेपछि गत असोजको अन्तिम सातादेखि थालिएको निर्माण कार्य रोकिएको छ । 'वडा कार्यालयले बसोवासको सिफारिस दिएसँगै स्थानीय गाउँलेको सहयोगमा घर निर्माण थालिएपछि पुनः वडाकै पत्रका आधारमा रोकिँदा बिचल्ली भएको छ,' निर्माण समितिका संयोजकसमेत रहेका डोम बस्तीका ३९ वर्षीय प्रमोद मल्लिकले गुनासो गरे ।

# जाडो...

उत्पादित अन्नबाट छ महिनामात्र जीविकोपार्जन हुने भएकाले अरू छ महिनाका लागि यही व्यापारको आम्दानीले धान्ने गरेको उनले सुनाए । 'उता अत्यधिक जाडो हुने कातिकमहिनामा जाडो छल्न र व्यापार गर्न मधेस झर्छौं' उनले भने 'फागुन सकिएपछि चैततिर खेतीपाति गर्न गाउँ पुग्छौं ।'

कार्तिकदेखि चार महिना अवधिलाई पुग्ने सामग्री बोकेर आएका उनी सिरहा र सप्तरीका हाटबजार र गाउँबस्तीमा परिचीत भइसकेका छन् । हरेक वर्ष मधेस आइरहने उनी भन्छन् 'दुई जिल्लाका हरेक हाट बजारबारे जानकारी छ तर यहाको भाषा बुझ्न सकेको छुइन् ।'

बीर बहादुर मात्रै होइन जुम्ला कनकासुन्दरी एकै गाउँका मेघलाल बुढा, रतिलाल, विजयराज, शंकर, हरि, बासु, रामकली, बलबीर, दल बुढा लगायत १० जनाभन्दा बढीको टोली बर्सेनि जाडो छल्ने उद्धेश्यले व्यापार गर्न मधेस आइपुग्छन् ।

हेर्दा वहुमुल्य नलाग्ने तर मानव व्यवहारमा दैनिक काम लाग्ने अति मुल्यवान सामग्री बिक्री गर्दै आएको बताउछन रतिलाल बुढा । कान कोटयाउने देखि नङ् काटने सामाग्रीदेखि रूघाखोकीबाट र स्वास्थ्यकालागि उपयोगी हिंग, सिलाजित लगायत हिमाली क्षेत्रका वहुमुल्य र लोपोन्मुख प्रजातिको जडिबुटी उनीहरू बिक्री गर्छन ।

'सामग्री बिक्रीमा कुनै समस्या छैन, बरू पुजी अभावमा माग धान्न सकेका छैनौं' उनले भने 'हिमाली क्षेत्रबाट सामग्री बोकेर ल्याउन समस्या भएकाले सामग्री अभाव हुने गरेको छ ।' तराई क्षेत्रमा हिंग, शिलाजीत, जिम्मु लगायत विभिन्न जडिबुटी उपलब्ध नहुने गरेकाले पनि यसको माग बढ्दो रहेको उनीहरूको भनाइ छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |



## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# यात्रा : मजेस्टिक मकालु


यात्राले त्यस्ता क्षणहरू भोग्ने मौका दिन्छ, जुन जीवनभर संगालेर राख्न सकियोस् । यात्राका क्रममा देखेका, भोगेका, बुझेका कुराहरूले सधैका लागि रोमाञ्चक अनुभूति संग्रहित गरिदिन्छ । मकालु–बरूण क्षेत्रको यात्रा यस्तै एक रोमाञ्चक र स्मरणिय अनुभव थियो । कहिले गाडी त कहिले पदयात्रा हुँदै लेकाली बाटोहरू छिचोल्दा जीवनको अर्को अध्याय सुरू गरेजस्तै भएको थियो ।

**लेकाली गोरेटो छिचोल्दै**

यो यात्राको थालनी इटहरी, धरान वा धनकुटाबाट गर्न सकिन्छ । यी प्रस्थान विन्दुबाट नुमसम्म पुग्न केही आरमदायक लाग्न सक्छ । यसकारण कि, त्यहाँसम्म गाडीमा यात्रा गर्न सकिन्छ । नुमबाट ओरालो लागेपछि भेटिन्छ, अरूण नदी । अरूण नदी पार गरेर करिब ७ सय मिटरको उचाईमा पैदल यात्रा सुरू हुन्छ ।

**तासी गाउँको आथित्य**

लगातारको हिँडाइपछि पुगिन्छ, सेदुवा । सेदुवामा थकित ज्यान बिसाउने र खाना खाने काम हुन्छ । भरपेट खाना खाएपछि हाम्रो यात्रा जारी रहन्छ । र, हामी तासी गाउँ पुग्छौं । यो मनोहर गाउँ २१ सय मिटरको उचाईमा छ । यस्तो लाग्छ, तासी गाउँ अतिथि सत्कारका लागि हरदम तयार छ । आफ्ना पाहुनाहरूलाई हार्दिकताका साथ स्वागत गरेर तासी गाउँले मन पगाल्छ । लेकको स्वादिलो खाना र मिजासिलो आतिथ्यले हामीलाई गदगद् बनाउँछ । पर्यटकमैत्री यो गाउँले आवश्यक परेमा पथ–प्रदर्शक र त्यसभन्दा माथिको यात्राका लागि खानपान एवं बसोबासको प्रबन्ध गरिदिने रहेछ । हामी तासी गाउँलाई हृदयभरी संगल्दै अगाडि बढ्छौं । दोस्रो दिनको यो यात्रा खोङ्मासम्मको हो । यो बाटो निकै उकालो छ । यद्यपि ढुंगा छापेर कलात्मक बाटो बनाइएको छ । खोङ्मामा पुगेपछि साइली दिदीको भान्सामा पाक्ने मीठो खान्कीले सबै थकान भुलाइदिन्छ ।

**रूपवती जलकुण्ड**

तेस्रो दिनको यात्रा भने केही विशेष हुन्छ । किनभने बाटोमा मनमोहक दुई जलकुण्ड भेटिन्छ । पहिले सानो पाखेरी अनि अर्को केही ठूलो । ४२ सय मिटरको उचाईमा पानीले टिलपिल पोखरी देख्दा मन नअघाउने । जति हेर्‍यो, उति हेरिरहुँ लाग्ने । यस्तो रूपवती जलकुण्ड, जसलाई छाड्नै मन लाग्दैन ।

पोखरी र सेप्तेन ला पासलाई छाडेर अगाडि बढेपछि बाटो ओरालो लाग्छ, बरूण नदीलाई भेट्न । त्यसपछि बरूण नदीसँगै तीन घण्टा हिँडेपछि याङ्ले खर्कमा पुगिन्छ । आजको हाम्रो बिसौनी यही हो ।

भोलिपल्ट याङ्ले खर्क बाट भने पवित्र धर्मिक तिर्थ शिवधारा उक्लिन्छौं । धार्मिक विश्वास के छ भने, यहाँ निसन्तानले सन्तानको कामना गरे सो पुरा हुन्छ ।

करिब छ घण्टामा याङ्ले खर्क झरेर सोही दिन लाङ्माले (लगभग ४५०० मीटर) सम्मको यात्रा तय हुन्छ । बाटोमा देखिने अद्भुत पहाड र चुचुराहरू ले थकान बिर्साउने मात्र हैन, त्यही चरिरहेका चौरी झै त्यही नै बास बसौं जस्तो हुन्छ । लाङ्मालेमा बास बसेर बिहानै उठ्दा सुनौला घामका किरणले चुमिरहेका हिमालहरूले आफुलाइ वरिपरि बाट घेरेको हुन्छ ।

**मकालुको माया**

अन्तिम दिन अर्थात आधार शिविर (४८०० मीटर) पुग्ने दिन । बाटोमा सेता हिम चुचुरा ले स्वागत गरिनै रहन्छन् । बाटोमा पर्ने हिमताल हेर्दै झन्डै ४ घण्टामा पुग्छौं हामी मकालु आधार शिविर, जहाँ हामीलाई अंगाल्न उभिएको मकालु हिमालले हामीलाई परै बाट आत्मियताले स्वागत गर्छ । मकालुको फेदैमा रहेको बरूण नदीको उद्गम ताल र वरपरका साना साना पोखरी अनी भ्यू पोइन्ट बाट देखिने सगरमाथा लगायतका हिमशृंङ्खलाहरू आधार शिविर का बिशेष आकर्षण हुन । बाटो भरि नै क्यापिङ्गका लागी प्रशस्त चौर तथा खुल्ला स्थान पनि छन् । मकालु बरूण क्षेत्रको यात्राले वास्तवमै जीवनभरका लागि सुनौलो अनुभूति संगाल्ने मौका दिन्छ । प्राकृतिक सौन्दर्य अद्भूत छ, खान बस्न होटल सन्चालनमा छन्, बाटो सुबिधाजनक छ, गाउँलेहरू आत्मिय छन्, खर्च सामान्य छ, पदयात्राका लागि कम्प्लिट प्याकेज हो मकालु बरूण क्षेत्र ।

मकालु हिमाल आधार शिविर रहेको मकाल बरूण राष्ट्रिय निकुन्ज पूर्वी नेपालको रमणिय जिल्ला संखुवासभा अवस्थित छ । प्रचारप्रसारका अभावले नेपालका अन्य आधार शिविर जस्तो प्रसिद्ध नरहे पनि प्राकृतिक रमणिय छटा र मनोरम दृष्यका लागि कन्जुस्याइ भने गर्दैन मकालु बरूण क्षेत्र । बिगतमा प्राय बिदेशी पर्यटक मात्रा आउने भएता पनि अहिले आन्तरिक पर्यटक पनि उत्तिकै आउँछन् । अझ यस २०२० सालमा १००० जना भन्दा बढी आन्तरिक पर्यटकले यो क्षेत्र भ्रमण गरिसकेको छन् स्थानियहरू सुनाउँछन् । *अनलाईनखबरबाट*

## सूचना..

महत्त्वको सूचनामा नागरिकको मौलिक हकको व्यवस्था गरियो । तत्पश्चात दोस्रो जनआन्दोलनपछि निर्मित २०६३ सालको अन्तरिम संविधानको धारा २७ मा सार्वजनिक महत्त्वका साथै व्यक्तिसँग सम्बन्धित सूचनामा पनि नागरिकको मौलिक हकमा थप गरियो । यसैलाई वर्तमान संविधानले पनि निरन्तरता दिएको छ । अन्तरिम संविधानको व्यवस्थाबमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भयो । यो ऐन जारी हुनुको मूलभूत उद्देश्य राज्यका कामलाई लोकतान्त्रिक पद्धतिअनुरूप सञ्चालन गर्नु नै हो । यस अतिरिक्त राज्यका काम कार्बाहीलाई खुला र पारदर्शी तुल्याई राज्य प्रणालीलाई जनताप्रति जवाफदेही र जिम्मेवार तुल्याउनु हो । यसर्थ, राज्य प्रणालीले नागरिकको सूचनाको हकलाई अवरोध गर्नु भनेको सरकार लोकतान्त्रिक अभ्यासबाट विचलित हुनु हो भन्ने बुझिन्छ । यस्तो सुविधा सरकारलाई हुँदैन । यस ऐनमा स्पष्ट वाक्यमा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँचको प्रत्याभूति गरिएको छ । यस विपरीत काम गर्ने सार्वजनिक निकायका पदाधिकारीलाई राष्ट्रिय सूचना आयोगले दण्ड सजाय गर्ने कानुनी व्यवस्था छ । कानुनतः नेपाली जनता सार्वजनिक निकायबाट सूचना हासिल गर्न योग्य छन् र सार्वजनिक निकायका पदाधिकारी जनताले माग गरेको सूचना दिन बाध्य भएको संविधान, कानुन, विश्वव्यापी अभ्यास र लोकतन्त्रको मान्यताबाट प्रष्ट हुन्छ । *साभार : बाह्रखरीबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा





लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)